आज मिति २०७७ साल चैत्र २२ गते आइवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१ : निर्णयको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२ : यस नगरपालिकाको २९ औं वार्षिक स्थापना दिवसको तयारी सम्बन्धमा ।
प्रस्ताव नं.३ : जनशक्ति व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.४ : घर बहाल कर व्यवस्थापन सहजीकरण समिति गठन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५ : सुरक्षित आवास कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.६ : विभिन्न अत्यावश्यक योजना तथा कार्यक्रमहरुमा रकम विनियोजन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ७ : घरेलु ईट्टा उद्योग सञ्चालन सम्बन्धी कार्यविधि २०७७ पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ८ : गण्डकी प्रदेश सरकारमा आयोजना प्रस्ताव तयार गरी पठाउने सम्बन्धमा ।
प्रस्ताव नं. ९ : कृषि कार्यक्रमको लागि ५०% अनुदान सम्बन्धमा ।
प्रस्ताव नं. १० : हाउस वायरिङ्ग तालिम सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं. ११ : परीक्षा सञ्चालन समिति सम्बन्धमा ।
प्रस्ताव नं. १२ : नगर शिक्षा समितिमा मनोनयन सम्बन्धमा ।
प्रस्ताव नं. १३ : व्यास ४ क्षेत्री समाजको घरमा संरचना थप गर्न स्वीकृती दिने सम्बन्धमा ।
प्रस्ताव नं. १४ : जिल्ला समन्वय समितिलाई गाडी हस्तान्तरण सम्बन्धमा ।
प्रस्ताव नं. १५ : कार्यक्रम सञ्चालन तथा निरन्तरताका लागि अनुमती दिने सम्बन्धमा ।
प्रस्ताव नं. १६ : विभिन्न कार्यविधि प्रस्ताव तयार गरी पेश गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १७ : लघु उद्यम विकास कार्यक्रम (मेडपा) कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा ।
प्रस्ताव नं. १८ : क्षत्री एकता सहयोग भवन सम्बन्धमा ।
प्रस्ताव नं. १९ : जोखिम भत्ता सम्बन्धमा ।
प्रस्ताव नं. २० : प्रोत्साहन भत्ता उपलव्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं. २१ : व्यक्तिगत घटना दर्ता अभियान सञ्चालन सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका नगर कार्यपालिकाको मिति २०७७/१२/०६ गतेको बैठकबाट भएका निर्णयहरुको समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयहरु कार्यान्वयनको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आगामी २०७७ चैत्र ३० गते यस नगरपालिकाको २९औं वार्षिक स्थापना दिवस मनाउने सन्दर्भमा हालसम्म भएको पुस्तक प्रकाशन तथा अन्य व्यवस्थापकीय कार्यहरुको प्रगती उपर समिक्षा भयो । साथै उक्त कार्यक्रममा प्रमुख अतिथीको रुपमा पूर्व सभामुख श्री रामचन्द्र पौडेललाई आमन्त्रण गर्ने साथै यस नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि, निवर्तमान एवं पूर्व जनप्रतिनिधिहरुका साथै यस जिल्लाका संघ प्रदेशका बहालवाला, निवर्तमान एवं पूर्व सांसदहरु, मन्त्रीहरु, संविधान सभा सदस्यहरु लगायत नगरपालिकाका सल्लाहकार, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, उद्योग व्यवसाय एवं सञ्चार जगतका प्रतिनिधिहरु समेत अन्य विभिन्न महानुभावहरुलाई सो कार्यक्रममा निमन्त्रणा गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा भुमिहिन दलित, भुमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरुको तथ्याङ्क संकलनको लागि नियुक्ति गरिएका तथ्याङ्क संकलनहरुको म्याद २०७७/१२/११ गतेदेखि समाप्त भएको र वडागत तथ्याङ्क संकलनको प्रारम्भिक कार्य समाप्त भएको हुनाले उनिहरुलाई स-धन्यवाद अवकाश दिने साथै सम्पूर्ण वडाहरुमा संकलित आवेदनहरुलाई नगरपालिका कार्यालयमा झिकाई कार्यविधि अनुसार/नियमानुसार कम्प्युटरमा प्रविष्ट गर्ने र सो को लागि यस अघि तथ्याङ्क संकलनको लागि खटिएका तथ्याङ्क संकलकहरु मध्ये कम्प्युटर चलाउन दक्ष बढीमा चार जना जनशक्तिहरुको म्याद थप्ने गरी आन्तरिक व्यवस्थापन मिलाउने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रमा रहेका व्यक्ति तथा संघ संस्थाका घरहरु भाडामा लगाए वापत प्रचलित कानून बमोजिम घर बहाल कर असुलीको लागि आवश्यक व्यवस्थापकीय कार्यमा सहजीकरण गर्ने उद्देश्यका साथ देहाय बमोजिमको घर बहाल कर व्यवस्थापन सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

२ नं. वडा अध्यक्ष श्री काशिराम श्रेष्ठ – संयोजक

| | |
|---|---|
| १ नं. वडा अध्यक्ष श्री खरसिङ्ग दरै | – सदस्य |
| ३ नं. वडा अध्यक्ष श्री प्रेमकुमार श्रेष्ठ | – सदस्य |
| ४ नं. वडा अध्यक्ष श्री विश्वराज न्यौपाने | – सदस्य |
| कार्यपालिका सदस्य श्री कल्पना पोखेल | – सदस्य |
| उ.वा.संघ दमौली बजार इकाई सभापति | – सदस्य |
| ना.सु. श्री अर्जुनकुमार श्रेष्ठ | – सदस्य सचिव |

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा सुरक्षित आवास कार्यक्रम अन्तर्गत यस नगरपालिका क्षेत्रका लाभिग्राहीहरुको लागि प्राप्त नाम नामेसी अनुदान सम्बन्धी सूचना आजको बैठकमा जानकारी गराइयो । यस सम्बन्धमा सम्बन्धित लाभग्राहीहरुलाई सूचित गरी कार्य प्रगतीका आधारमा अनुदान रकम भुक्तानीका लागि सिफारिस गरी पठाउन वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | पशु वध स्थल निर्माण | ३ | ३,००,०००।०० (थप) | १५२ |
| २. | जलेश्वर मन्दिर सृजना आमा समूह भवन रङ्गरोगन | १ | ४०,०००।०० | ७४ |
| ३. | दमौली टोल, अधुरो नाला निर्माण | १ | २,५०,०००।०० | कन्टेन्जेन्सी |
| ४. | भद्रुटारी खेत सिँचाई पाइप खरिद | १ | १,००,०००।०० | १२२ |
| ५. | सत्यवती मा.वि., भत्किएको गाह्रो पन्छाउने | २ | १५,०००।०० | विपद् |
| ६. | पुलचोक टोल, बुल्दिखोला कजवे बाटो ढलान | २ | ७,००,०००।०० | शिर्षक २११ ( क्रमागत) |
| ७. | नेपाल वार एशोसियसन महिला समिति, तनहुँ कार्यक्रम खर्च | ३ | ५०,०००।०० | ३७ |
| ८. | वैदिक कर्मबाट प्रशिक्षण कार्यक्रम | ३ | ४०,०००।०० | ७४ |
| ९. | चन्द्रकान्त काफ्ले, घर संरक्षण | ६ | २५,०००।०० | विपद् |
| १०. | सिन्धुमार्ग मर्मत तथा ग्राभेल | ५ | ३,००,०००।०० | मर्मत |
| ११. | गाउँ नगर साझेदारी, सहकारी सहयोग | ३ | १,००,०००।०० | ६५ |
| १२. | वडा कार्यालय कम्पाउण्ड गर्ने | ५ | २,४४,०००।०० | १५२ |
| १३. | भेटबहादुर थापा, खानेपानी पाइप | ७ | ७,५००।०० | १२२ |
| १४. | लिईव तमु समाज, भवन निर्माण | ७ | २,००,०००।०० | ६५ |
| १५. | गृहलक्ष्मी आमा समूह, कम्पाउण्ड/शौचालय | ९ | ५०,०००।०० | १४६ |
| १६. | विर्ता खानेपानी इन्टेक निर्माण | ९ | ५५,०००।०० | १२२ |
| १७. | कुसुण्डे खोल्सी सिम्लेकुलो, पाइप | ९ | २०,०००।०० | १२२ |
| १८. | चिसापानी बडहरे कुलो मर्मत पाइप खरिद | ९ | ४०,०००।०० | १२२ |
| १९. | डिहीखोला घर खेत संरक्षण | ९ | ५०,०००।०० | विपद् |
| २०. | रुकादेवी पोखरेल, फलफुल क्षती | १० | ३०,०००।०० | विपद् |
| २१. | शिव मा.वि., इनार खन्ने कार्य | १० | ५०,०००।०० | १४२ |
| २२. | कक्षा १ को पाठ्यपुस्तक छपाई | | २,२५,०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| २३. | गैह्राबारी ढल विकास कार्य | ११ | ३,००,०००।०० | कन्टेन्जेन्सी |
| २४. | दुर्गा बहादुर न्यौपाने, घर आगलागी राहत | १२ | ४०,०००।०० | विपद् |
| २५. | चण्डेश्वरी आ.वि., संरक्षण | ११ | ३,००,०००।०० | विपद् |
| २६. | बुद्धसिंह मार्ग मर्मत | १३ | १३,२००।०० | मर्मत कोष |
| २७. | रुम्सी झान्टावास मोटर मार्ग | १४ | १,००,०००।०० | १०८ |
| २८. | प्रधानमन्त्री रोजगार कार्यक्रम, (अम्रेनी सिँचाई योजना) थप | ६ | २,००,०००।०० | प्रधानमन्त्री रोजगार |
| २९. | गितल प्रतिष्ठान सम्मान कार्यक्रम | ३ | २५,०००।०० | ७४ |
| ३०. | स्वास्थ्य सेवामा कार्यरत कर्मचारी, पोशाक भत्ता | | ३,००,०००।०० | चालु |
| ३१. | ओटाङ्गदी आमा समूह, सामुदायिक भवन | १३ | ३,००,०००।०० | शिर्षक ६१४ |
| ३२. | खड्ककाली मार्ग सफाई | ११ | ८०,०००।०० | मर्मत सम्हार कोष |
| ३३. | पुरनडिही कुखुरे मार्ग मर्मत सम्हार | ११ | ८०,०००।०० | मर्मत सम्हार कोष |
| ३४. | मदर्शा शिक्षा सञ्चालन अनुदान | ४ | २,००,०००।०० | शिर्षक नं. ६० |
| ३५. | गल्बुवेंसी टोल सुधार आमा समूह | १ | २,००,०००।०० | १४६ |

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेको अधिकार भित्र रही व्यास नगरपालिका भित्र सञ्चालित घरेलु ईट्टा उद्योग सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकारको अन्तर सरकारी वित्त हस्तान्तरण कार्यक्रम अन्तर्गत आर्थिक बर्ष २०७८/०७९ का लागि सशर्त, समपूरक र विशेष अनुदान तर्फ क्रम संख्याका आधारमा देहाय अनुसार प्राथमिकता निर्धारण गरी तपसिल बमोजिमका योजनाहरुको आयोजना प्रस्ताव तयार गरी गण्डकी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयमा पोखरा नेपालमा स्वीकृतिका लागि पठाउने निर्णय गरियो ।

(क) सशर्त अनुदान तर्फ :

| क.सं. | योजनाको नाम | आयोजना सञ्चालन हुने वडा | कैफियत |
|---|---|---|---|
| १. | दमौली केशवटार मार्ग | १३, १४ | |
| २. | कालिका मार्ग | ८ | |
| ३. | वि.पि.वन वाटिका रङ्गशाला निर्माण | ३ | |

(ख) समपूरक अनुदान तर्फ :

| क.सं. | योजनाको नाम | आयोजना सञ्चालन हुने वडा | कैफियत |
|---|---|---|---|
| १. | दमौली सेन्ट्रल पार्क | ३ | |
| २. | शिवपाञ्चायन मन्दिर निर्माण | ७ | |
| ३. | कोलढुङ्गा क्रिकेट रङ्गशाला निर्माण | ११ | |

(ग) विशेष अनुदान तर्फ :

| क.सं. | योजनाको नाम | आयोजना सञ्चालन हुने वडा | कैफियत |
|---|---|---|---|
| १. | रानीगाउँ वोरिङ्ग खानेपानी सरसफाई योजना | ११ | |
| २. | कोल्ड स्टोर निर्माण योजना | ११ | |
| ३. | चिन्टुटार रङ्गशाला निर्माण | ५ | |

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार वाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम अर्न्तगत धान प्रवर्द्धन कार्यक्रमका लागि क्लष्टर नं २ (कलेस्ती सत्रसय फाँट तथा व्यास ७, ९ र १० मा पर्ने आसपासका क्षेत्रहरु) बाट माग भई आएका योजनाहरु मध्ये कृषि सहजीकरण समितिको मिति २०७७/१२/२० गतेको वैठकको निर्णय अनुसार सिफारिस गरिएका देहाय बमोजिमका आयोजना तथा कार्यक्रमहरुलाई कृषकहरुको ५०% लागत साझेदारीतामा कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

**कुलो मर्मत :**

१. बानियाँ डिही तोरीखर्क ब्लक : खर्क कुलो मर्मत
२. सेरा तोरीखर्क ब्लक : घिमिरेफाँट तोरीखर्क सेरा तल्लो कुलो मर्मत
३. चिन्ते पुत्लेकाल्ना ब्लक : चिन्ते खेत कुलो मर्मत

**हाते टेयाक्टर :**

१. वैरेनी शान्ति नगर वडा नं.- १० लाई २ ओटा
२. नरङ्गा सिमलटार ब्लक वडा नं.- ७ लाई २ ओटा
३. खहरे पोखेलफाँट ब्लक वडा नं.- १० लाई २ ओटा
४. क्यामिन कालिका शिवालय ब्लक वडा नं.- ७ लाई २ ओटा
५. गैह्री दुर्गेटार ब्लक वडा नं.- ९ लाई २ ओटा

**जम्मा हाते टेक्टर संख्या :- १० वटा**

**धान काटने मेशिन** :

१. लामखेत दुलेपानी ब्लक वडा नं. ७ लाई १ ओटा
२. बौसे अर्चले ब्लक वडा नं. ९ लाई १ ओटा
३. सिसुवा भतेरी ब्लक वडानं. १० लाई १ ओटा
४. सत्रसय ब्लक वडा नं. ७ लाई १ ओटा

**जम्मा धान काटने मेशिन :- ४ वटा**

**गह्रा सुधार :**

१. पुत्ले वगर देउराली ब्लक
२. कालिका शिवालय पाथ्राटार ब्लक

**गह्रा सुधार जम्मा :- २ वटा**

**धान खरिद सम्बन्धी :**

- राम धान ६६८३ के.जी.
- सावित्री धान १७०० के.जी.
- सुख्खा धान १६९१ के.जी.

**जम्मा :- १०,०७४ के.जी.**

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट स्वीकृत भई आएको ८०% प्रदेश सरकारको साझेदारीता र २०% व्यास नगरपालिकाको साझेदारीता गरी कुल रकम रू.४,९१,२८०। मध्येबाट २० जना सहभागीहरुका लागि ६५ दिने हाउस वायरिङ्ग तालिम प्रदान गर्नुपर्ने हुँदा गत आ.व.को कार्यक्रमबाट आधारभुत शीप हासिल गरेका व्यक्तिहरुलाई थप एड्भान्स तालिम दिने गरी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.११ :** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा सामुदायिक एवं संस्थागत विद्यालयहरुको कक्षा ८ को नगरस्तरीय परीक्षा सञ्चालनका लागि निम्नानुसार परीक्षा सञ्चालन समिति गठन गर्ने निर्णय गरियो ।

(१) नगर शिक्षा अधिकारी श्री नगेन्द्रप्रसाद रेग्मी – संयोजक
(२) श्री विद्या न्यौपाने, (श्री निर्मल मा.वि.) – सदस्य
(३) श्री अनिल श्रेष्ठ, (श्री सत्यवती मा.वि.) – सदस्य
(४) श्री विना कैनी, (श्री गोरखकाली मा.वि.) – सदस्य
(५) श्री विश्वेश्वर खनाल, (श्री ग्रिन स्टार) – सदस्य
(६) श्री रामदत्त पौडेल, (श्री चण्डीदेवी मा.वि.) – सदस्य
(७) अधिकृत श्री नविन पराजुली, व्यास न.पा. – सदस्य सचिव

**निर्णय नं.१२ :** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगर शिक्षा समितिमा सदस्य रहनु भएकी श्री कल्पना लम्सालले आफ्नो पदबाट दिनु भएको राजिनामा स्वीकृत गरी वहाँको कार्यकालमा पुऱ्याउनु भएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्दै रिक्त सदस्य पदमा नगर शिक्षा ऐन, २०७५ को दफा १० (१) (ज) बमोजिम नगर प्रमुखबाट श्री विना कैनी (गोरखकाली आवासीय मा.वि.) लाई मनोनयन गरिएको जानकारी प्राप्त भयो ।

**निर्णय नं.१३ :** प्रस्ताव नं. १३ का सम्बन्धमा छलफल हुँदा व्यास ४ मदर्शा आधारभुत विद्यालय नजिक बाटो तल रहेको क्षत्री एकता समाजको घरमा तला थप गर्न वडा बजेट शिर्षक २४६ बाट रू.५,००,०००/- (पाँच लाख रुपैंया) विनियोजन भएकाले उक्त रकम ट्रस निर्माणका लागि मात्र खर्च गर्न स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं.१४ :** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाले हालसालै खरिद गरेको स्करपियो (55) गाडी आवश्यकतानुसार फिर्ता माग्ने गरी जिल्ला समन्वय समितिलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५ :** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा पढ्नका लागि कोठा (Room to Tead) को कार्यक्रम अन्तर्गत नेपाल गाजा डेभलपमेन्ट फाउण्डेशनको व्यवस्थापनमा यस नगरपालिकाका ५ विद्यालयहरुमा साक्षरता कार्यक्रम र वार्षिक कार्यक्रम सञ्चालन गर्न अनुमती माग भई आएकाले अनुमती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६ :** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत विभिन्न अत्यावश्यक निम्न लिखित कार्यविधिहरुको नयाँ तथा संशोधन मस्यौदा तयार गरी पेश गर्न विधायन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

(१) नीजि जग्गाको माटो वा निर्माणजन्य अन्य खनिज पदार्थको उत्खनन् ओसार-पोसार तथा विक्री वितरण गर्न अनुमती प्रदान गर्ने कार्यविधि ।
(२) नगरपालिका भित्रको भाषा, कला, साहित्य, सँस्कृति प्रतिष्ठान स्थापना तथा सञ्चालन कार्यविधि ।
(३) नगर खेलकूद विकास समिति सञ्चालन कार्यविधि ।
(४) आय ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी नियमावली ।

**निर्णय नं.१७ :** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालनका लागि कार्यरत उद्यम वकास सहजकताए क्रमशः श्री सुस्मिता थापा र श्री भिमकुमारी खत्रीलाई कार्यक्रम बजेटबाट खर्च गर्ने गरी आवास तथा यातायात खर्च वापत मासिक रू.४,०००। (चार हजार रुपैंया) का दरले नियुक्ति मितिदेखि लागू हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.४ स्थित क्षत्री एकता सहयोग समाजको भवनमा ट्रष्ट निर्माणको लागि वडास्तरीय योजना अन्तर्गत रू.५,००,०००। (पाँच लाख रुपैंया) विनियोजन भएकोमा बाटो विस्तार हुने क्रममा उक्त ट्रष्टको सडकलाई आवश्यक खण्ड हटाउने गरी हाललाई अस्थायी संरचना निर्माणको लागि योजना सम्झौता गरी निर्माण कार्य अगाडी बढाउन शहरी पूर्वाधार विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१९ :** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको वारुणयन्त्रमा संलग्न जनशक्तिहरुलाई आगलागी भई नियन्त्रण गर्ने कार्यमा खटिए वापत खटिएको दिनको प्रतिदिन यस नगरपालिका

भित्र जनही रू.१,०००। (एक हजार रुपैंया) र यस नगरपालिका क्षेत्र भन्दा बाहिर जाँदा जनही रू.१,५००। (एक हजार पाँचसय रुपैंया) जोखिम भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२०** : प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा कार्यरत चालक विकास श्रेष्ठ कार्यालय समय अतिरिक्त समय पनि योजना अनुगमन, विद्यालय अनुगमन तथा स्वास्थ्य सेवा सम्बन्धी काममा खटिदै आएको हुँदा निजलाई मासिक रू.३,०००।- (तिन हजार रुपैंया) प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२१** : प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको मिति २०७७/१२/१८ को व्यक्तिगत घटना दर्ता अभियान संचालन गर्ने सम्बन्धी बिषयको परिपत्र बमोजिम राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग घटना दर्ता अभियान, २०७८ को कार्य योजना बमोजिम कार्यक्रम संचालन गर्ने र उक्त कार्यक्रममा देहाए बमोजिमको खर्च गर्ने गरी कार्य योजना स्विकृत गर्ने निर्णय गरियो ।

| मिति | कार्यक्रम | खर्च रु, | जिम्मेवार शाखा एवं कर्मचारी |
|---|---|---|---|
| २०७८ बैशाख २ गते | मानिसहरुको आवत-जावत हुने स्थानमा पर्चा, पम्प्लेट तथा व्यानर वितरण गर्ने | ५०,०००। | आईटी अफिसर |
| २०७८ बैशाख ४ गते | पत्रपत्रकिामा विज्ञापन प्रकाशन गर्ने | ३०,०००। | सूचना शाखा |
| २०७८ बैशाख ७ गते | घटना दर्ता लेटर हेडमा सूचना जारी गर्ने | ५०,०००। | सूचना शाखा |
| २०७८ बैशाख ७ गते | विद्यालयहरुको प्रार्थना सभामा घटना दर्ता सम्बन्धी जानकारी गराउने | | शिक्षा शाखा |
| २०७८ बैशाख ७ गते | स्वास्थ्य शाखा मार्फत स्वास्थ्य स्वयंसेवीकाहरुलाई घटना दर्ता सम्बन्धी जानकारी गराउन | २००,०००। | स्वास्थ्य/पञ्जिकरण शाखा |
| | घटना दर्ता अभियान बारे पत्रिका र रेडीयोमा सार्वजनिक गर्ने | ५०,०००। | सूचना शाखा |
| | वडाका विभिन्न स्थान मार्फत फ्लेक्स प्रिन्ट मार्फत नागरिकलाई सूचित गराउने | ५०,०००। | आईटी अफिसर/पञ्जिकरण |
| | १४ वडाका कम्तिमा ३ स्थानमा घटना दर्ता अभियान संचालनागर्ने | २,५०,०००। | आईटी अफिसर/पञ्जिकरण |
| | टोल अध्यक्षहरुलाई अभियान बारे जानकारी गराउने कार्य | १,५०,०००। | आईटी अफिसर/पञ्जिकरण |
| २०७८ बैशाख १६सम्म | प्रिन्टर खरिद २ थान | ७५,०००। | जिन्सी शाखा |
| २०७८ असारसम्म | विभिन्न बैठक संचालन | १,७५,०००। | आईटी अफिसर/पञ्जिकरण |
| २०७८ असार १५ सम्म | मसलन्द खर्च तथा छपाई खर्च | ३,५०,०००। | जिन्सी शाखा |
| २०७८ असारसम्म | अन्य विभिध खर्च | १,९४,०००। | आईटी अफिसर/पञ्जिकरण |
| | जम्मा अनुमानित खर्च | १६,२४,०००। | |

.